# आफ्नो कथा भन्नुहोस्!

## कथा: अक्सफोर्ड काउन्टीमा दक्षिण एसियाली बसाइँसराइ

हामी अक्सफोर्ड काउन्टीका **दक्षिण एसियाली बासिन्दाहरू** खोजिरहेका छौं, जो यस क्षेत्रमा आफ्नो घर बसाउने अनुभव सुनाउन इच्छुक हुनुहुन्छ।

## परियोजना विवरण

- यो गुएल्फ विश्वविद्यालय (University of Guelph) र कम्युनिटी इम्प्लोयमेन्ट सर्भिसेस अक्सफोर्डका (Community Employment Services Oxford) अनुसन्धानकर्ताहरूसँगको एक अनुसन्धान परियोजनाको हिस्सा हो।
- सहभागितामा अनुसन्धान टोलीका एक सदस्यसँग आफ्नो कथा सुनाउनु हुनेछ।
- वार्तालाप ३० देखि ९० मिनेटसम्म चल्नेछ।
- तपाईं आफ्नो रोजाइको भाषामा सहभागी हुन सक्नुहुन्छ (अंग्रेजी, हिन्दी, पंजाबी, उर्दू, बङ्गाली, नेपाली वा अन्य सहित)।
- सहभागी हुनका लागि तपाईं १८ वर्ष वा सोभन्दा माथिको हुनुपर्छ, आफूलाई दक्षिण एसियाली भनेर पहिचान गर्नुपर्छ, र अक्सफोर्ड काउन्टीमा बसोबास गर्नुपर्छ (वुडस्टक, इन्गरसोल, टिल्सनबर्ग, नर्विच, ब्ल्यान्डफोर्ड-ब्लेन्हेम, जोर्रा, ईस्ट-जोर्रा-टाविस्टक, साउथ-वेस्ट अक्सफोर्ड तथा यस क्षेत्रका अन्य समुदायहरू सहित)।
- सहभागिताका लागि तपाईंले ४० डलरको उपहार कार्ड प्राप्त गर्नुहुनेछ।
- तपाईं प्रत्यक्ष वा भर्चुअल रूपमा सहभागी हुन सक्नुहुन्छ। अन्तर्वार्ताहरू तपाईंको रोजाइअनुसार अडियो रेकर्ड वा भिडियो खिचिनेछन्।

## अनुसन्धानको उद्देश्य

तपाईंले सुनाउने जानकारी अक्सफोर्ड काउन्टीका दक्षिण एसियाली बासिन्दाहरूका विभिन्न अनुभवहरूलाई अझ राम्रोसँग बुझ्न, साथै स्थानीय निर्णय प्रक्रिया, कार्यक्रमहरू र सेवाहरूलाई जानकारी दिन प्रयोग गरिनेछ।

थप जानकारीका लागि वा सहभागी हुन Amy Kipp लाई kahaaniresearch@uoguelph.ca मा इमेल गर्नुहोस्। कृपया अन्तर्वार्ताका लागि आफ्नो रोजाइको भाषा उल्लेख गर्नुहोस्।

यस परियोजनालाई मानव सहभागीहरू समावेश हुने अनुसन्धानसम्बन्धी संघीय निर्देशिकाहरूको पालना भए/नभएको सुनिश्चित गर्न **रिसर्च एथिक्स बोर्ड (Research Ethics Board)** ले समीक्षा गरेको छ (REB# 2304)। यदि यस अध्ययनमा अनुसन्धान सहभागीको रूपमा तपाईंका अधिकार र हितसम्बन्धी (rights and welfare) कुनै प्रश्नहरू छन् भने, कृपया सम्पर्क गर्नुहोस्: Manager, Research Ethics at the University of Guelph | reb@uoguelph.ca वा (519) 824-4120 (ext. 56606)

Social Sciences and Humanities Research Council of Canada
Conseil de recherches en sciences humaines du Canada
COMMUNITY EMPLOYMENT SERVICES
UNIVERSITY OF GUELPH | Community Engaged Scholarship Institute